# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

महाराजगंज, काठमाडौं

## Unaudited Statement of Financial Position
As at 31 Ashad 2078 (15 July 2021)

(NRs. "000")

| Particulars | This Quarter Ending Ashad 2078 | Previous Quarter Ending Chaitra 2077 | Previous Year Corresponding Quarter Ending Ashad 2077 (Audited) |
|---|---|---|---|
| | | | |
| **ASSETS** | | | |
| **Non - Current Assets** | | | |
| Property, Plant & Equipment | 146,369 | 133,909 | 146,974 |
| Intangible Assets | 163 | 171 | 202 |
| Capital Work in Progress | 14,901,194 | 14,080,513 | 12,337,489 |
| **Total Non - Current Assets** | **15,047,727** | **14,214,593** | **12,484,664** |
| | | | |
| **Current Assets** | | | |
| Inventory | 4,187 | 6,350 | 4,725 |
| Prepayments | 2,103 | 1,282 | 1,173 |
| Advances & Deposits | 46,370 | 63,468 | 66,837 |
| Trade Receivables | - | - | 2500 |
| Cash & Cash Equivalents | 191,699 | 105,368 | 76,445 |
| Total - Current Assets | 244,358 | 176,467 | 151,679 |
| | | | |
| **TOTAL ASSETS** | **15,292,085** | **14,391,060** | **12,636,343** |
| | | | |
| **EQUITY AND LIABILITIES** | | | |
| | | | |
| Equity | | | |
| Share Capital | 6,157,890 | 6,157,890 | 6,157,890 |
| Retained Earnings | (232,698) | (226,449) | (201,807) |
| **Total Equity** | 5,925,192 | 5,931,441 | 5,956,083 |
| | | | |
| **Non - Current Liabilities** | | | |
| Long Term Loans | 8,071,692 | 7,212,030 | 6,096,359 |
| Retentions Payable | 573,134 | 550,530 | 499,308 |
| **Total Non - Current Liabilities** | **8,644,825** | **7,762,560** | **6,595,667** |
| | | | |
| **Current Liabilities** | | | |
| Provisions | 23,397 | 9,922 | 16,794 |
| Short Term Loan | 600,000 | 600,000 | - |
| Trade and Other Payables | 98,671 | 87,136 | 67,799 |
| **Total Current Liabilities** | **722,068** | **697,059** | **84,593** |
| | | | |
| **TOTAL EQUITY AND LIABILITIES** | **15,292,085** | **14,391,060** | **12,636,343** |

## Unaudited Statement of Profit or Loss and Other Comprehensive Income
For the period ended Ashad 2078 (15 July 2021)

(NRs. "000")

| Particulars | This Quarter Ending Ashad 2078 | Previous Quarter Ending Chaitra 2077 | Previous Year Corresponding Quarter Ending Ashad 2077 (Audited) |
|---|---|---|---|
| | | | |
| **Income** | | | |
| Revenue from Sale of Electricity | - | - | - |
| **Expenses** | | | |
| Hydropower Plant Operating Expenses | - | - | - |
| Administrative Expenses | (28,987) | (19,290) | (34,687) |
| Depreciation | (1,966) | (1,471) | (2,324) |
| **Operating Profit/ (Loss)** | **(30,953)** | **(20,761)** | **(37,011)** |
| Interest Income | - | - | 4,358 |
| Other Income/Expenses | 61 | (3,882) | (40,409) |
| **Profit / (Loss) before Tax and Bonus** | **(30,892)** | **(24,643)** | **(73,062)** |
| Employee Bonus | | | |
| **Profit/ (Loss) before Tax** | **(30,892)** | **(24,643)** | **(73,062)** |
| **Less: Tax** | | | - |
| Current Tax | | | |
| Deferred Tax Income (Expense) | | | |
| **Net Profit/ (Loss) For the Period** | **(30,892)** | **(24,643)** | **(73,062)** |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) अनुसूची- १४ अनुसार कम्पनीको आ. व. २०७७/०७८ को चौथो त्रैमासिक प्रतिवेदन ।**

### १. वित्तिय विवण

(क) त्रैमासिक अबधिको अपरिस्कृत वासलात तथा नाफा (नोक्सान) सम्बन्धी विवरणहरु यसै साथ संलग्न गरिएको छ ।

(ख) प्रमुख वित्तिय सूचकहरु ।

| क. स. | विवरण | आ.व. २०७७/०७८ को चौथो त्रैमासिक अबधिको | आ. व. २०७७/०७८ को तेस्रो त्रैमासिक अबधि | आ.व. २०७६/०७७ को चौथो त्रैमासिक अबधिको | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रति शेयर आम्दानी | (०.५०) | (०.५३) | (१.१९) | बार्षिककरण गरिएको |
| २ | मुल्य आम्दानी अनुपात | (९६९) | (५८१) | (११०.३६) | |
| ३ | प्रति शेयर नेटवर्थ | ९६.२२ | ९६.३२ | ९६.७२ | |
| ४ | प्रति शेयर कुल सम्पति | २४८.३३ | २२३.७० | २०५.२१ | |
| ५ | तरलता अनुपात | ०.३४ | ०.२५ | १.७९ | |

### २. व्यवस्थापकीय विश्लेषण

क) यस कम्पनी अन्तर्गत रसुवा जिल्लाको गोसाइकुण्ड गाउँपालिकामा १११ मेगावाट जडित क्षमताको निर्माणाधिन रसुवागढी जलविद्युत आयोजनाको ८०% भौतिक प्रगति रहेको छ । नेपाल विद्युत प्राधिकरणसंग आयोजनाको विद्युत खरिद विक्री सम्झौता (PPA) गर्ने समयमा तयार गरिएको लागत अनुमान व्याज बाहेकको कुल रु. १३ अर्व ६८ करोड ४२ लाख लाई आधार मानी सो को ५०% स्वपुँजी र ५०% ऋण रहने गरि वित्तिय व्यवस्थापन गरिएकोमा स्वपुँजी अन्तर्गत ५१% संस्थापक शेयरधनी र ४९% सर्वसाधारण शेयरधनी हुनेगरि व्यवस्था गरिएको छ । संस्थापक शेयरधनी अन्तर्गत नेपाल विद्युत प्राधिकरण १८%, चिलिमे जलविद्युत कं. लि. ३२.७९% तथा रसुवा जिल्लाका स्थानीय तह ०.२१% बाट सम्पूर्ण शेयर बापतको रकम रु.३ अर्व ४८ करोड ९४ लाख ७१ हजार र सर्वसाधारण शेयरधनी तर्फ रसुवा जिल्ला बासीलाई छुट्टयाइएको १०% बाहेक अन्य समुहको प्राथमिक शेयर निष्काशन गरि प्राप्त २ अर्व ६६ करोड ८४ लाख १९ हजार समेत गरि कुल चुक्ता पुँजी रु. ६ अर्व १५ करोड ७८ लाख ९० हजार कायम भएको छ ।

आयोजना निर्माणको लागि आवश्यक पर्ने सम्पूर्ण ऋण कर्मचारी संचयकोषबाट प्राप्त हुने गरि ऋण सम्झौता भई ऋण परिचालन भईरहेको छ । ऋणदाता कर्मचारी संचयकोष संग भएको ऋण सम्झौताको शर्त बमोजिम ऋणको व्याज आयोजना निर्माण अवधिभर प्रत्येक ३-३ महिनामा पुँजीकरण गरिने छ । हाल कर्मचारी संचयकोषबाट प्राप्त हुने ऋणको बार्षिक व्याजदर ९.७५% रहेको छ ।

आयोजना निर्माणकै क्रममा २०७२ सालको विनासकारी भुकम्प, सो पश्चातको नाकाबन्दी, प्रत्येक वर्षायामको समयमा आयोजना क्षेत्रमा आएको बाढी (flash flood) तथा पहुँचमार्गमा निरन्तर जाने पहिरो र पछिल्लो समय विश्व महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) जस्ता काबु बाहिरको परिस्थिति श्रृजना भई आयोजनाको निर्माण अवधि बढ्न गएको कारण र यस अवधीमा विदेशी मुद्राको तुलनामा नेपाली मुद्राको अवमुल्यन भएको कारण आयोजना निर्माणको लागत अनुमान बृद्धि हुन गएको छ । आयोजनाको पछिल्लो संशोधित कार्यतालिका बमोजिम मिति २०७८ साल आषाढ मसान्तमा निर्माण सम्पन्न गर्ने लक्ष्यको आधारमा तयार गरिएको आयोजनाको संशोधित लागत अनुमान रु. १६ अर्व २१ करोड ५३ लाख को अनुमान विद्युत खरिद विक्री सम्झौताका बखतको लागत अनुमान भन्दा रु. २ अर्व ५३ करोड ११ लाख बढी हुने देखिएको ले थप लागतको वित्तिय व्यवस्थापनको लागि कर्मचारी संचयकोषबाट रु. १ अर्व २० करोड थप ऋण प्रवाहको लागि पुरक सम्झौता गरिएको र बाँकी रकम रु. १ अर्व ३३ करोड ११ लाख आन्तरिक श्रोतबाट व्यवस्थापन गर्ने योजना रहेको थियो ।

आयोजनाको निर्माण कार्य लक्षित अवधी २०७८ साल आषाढ मसान्त भित्र निम्न उल्लेखित काबु बाहिरको परिस्थितीका कारण सम्पन्न गर्न नसकिएको र पछिल्लो संशोधित कार्यतालिका बमोजिम २०७९ साल आषाढ सम्ममा आयोजना निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोले आयोजनाको संशोधित लागत अनुमान थप बढ्ने देखिन्छ ।

- २०७७ सालको बर्षायाममा प्रक्षेपण गरिए भन्दा अगाडि नै आएको बाढी (flash flood) का कारण बाँधस्थलको अस्थायी संरचना (कफर ड्याम) मा क्षति पुग्न गई बाँधस्थलको निर्माण कार्य स्थगित भएको साथै अडिट सुरुङ्ग CA# 2 जाने बेलीब्रिजमा क्षति पुऱ्याई सो स्थानबाट आवत जावतमा कठिनाई उत्पन्न भएको तथा CA #3 / #4 मा आएको पहिरोको कारण पहुँच मार्गमा पूर्ण रुपमा क्षति पुगेको ।
- उक्त बाढी पश्चात गएको पहिरोको कारण सर्ज साफ्ट जाने पहुँचमार्ग क्षतिग्रस्त भएकोमा अडिट सुरुङ्गहरु CA #3 / CA #4 को पहुँच मार्गको मर्मत सम्भार गरी, तत्पश्चात पौष २०७७ देखि मात्र सर्ज साफ्ट को कार्य फेरी अगाडि बढाइएको ।
- आयोजनाको टेलरेस टनेलको करिब १४६ मी. लम्बाईमा अत्यन्त कमजोर भौगर्भिक अवस्थाका कारण करिब ३५ मी क्षेत्र खुम्चिन गई निर्माण कार्यमा ढिलाई हुन गएको र हालै मात्र टेलरेस टनेलको माथिल्लो खण्डको खन्ने कार्य सम्पन्न भएपनि टनेलको तल्लो खण्ड खन्ने र आवश्यक सपोर्ट लगाउने कार्य कमजोर भौगर्भिक अवस्थाका कारण सुस्त गतिमा अगाडि बढीरहेको ।
- विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड- १९) को कारण नेपाल सरकारबाट २०७६ साल चैत्र ११ देखि बन्दाबन्दी लागु भएकोमा विभिन्न निकायहरुको समन्वय पछि लट १: सिभिल तथा हाइड्रोमेकानिकल कार्यका ठेकेदारबाट सिभिल निर्माण कार्य अगाडि बढाएको भएता पनि लट २: इलेक्ट्रोमेकानिकल कार्यका ठेकेदारले कोभिड- १९ को कारण निजको देशमा भएको बन्दाबन्दीको कारण देखाई २०७६ साल चैत्र ८ मा एकतर्फी रुपमा साइट कार्यालय छाडी गएकोमा मार्च २०२१ को अन्तबाट मात्र प्राविधिक तथा कामदार आयोजना स्थलमा आउन थालेकोमा भारतमा कोभिडको दोश्रो लहरले गर्दा बन्दाबन्दी शुरु भएको र लगत्तै नेपालमा पनि बन्दाबन्दी लागु गरिएकोले हालसम्म पनि पूर्ण रुपमा उक्त लट अन्तर्गतको कार्य सुचारु हुन नसकेको ।

**ख) आगामी अवधिको व्यवसायिक योजनाका सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण ।**

माथि उल्लेखित कारणहरुबाट आयोजनाको पूर्व निर्धारित कार्यतालिका अनुरुप निर्माण कार्य हुन नसकेको र पछिल्लो संशोधित कार्यतालिका बमोजिम २०७९ साल आषाढ सम्ममा विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ । व्यापारिक विद्युत उत्पादन पश्चात रसुवागढी जलविद्युत आयोजनाबाट बार्षिक ६१ करोड ३८ लाख ७५ हजार युनिट विद्युत शक्ति उत्पादन भई बार्षिक ३ अर्व २५ करोड आम्दानी प्राप्त हुनेछ ।

### ३. कानूनी कारबाही सम्बन्धी विवरण

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन,

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको छैन,

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन ।

### ४. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण

| शेयरको अधिकतम मूल्य (रु.) | शेयरको न्यूनतम मूल्य (रु.) | शेयरको अन्तिम मूल्य (रु) | शेयर कारोबार र कम (रु.) | कारोबार शेयर संख्या | कारोबार भएको कूल दिन |
|---|---|---|---|---|---|
| ६१३/- | ४१६/- | ४८६/- | ५,१४७,७०३,५३४ | १०,३२५,१४५ | ६५ |

### ५. समस्या र चुनौती

यस कम्पनीद्वारा निमार्णाधिन १११ मे.वा. क्षमताको रसुवागढी जलविद्युत आयोजना निर्माणाधीन अवस्थामा रहेको छ । मुख्यत भुकम्प, नाकाबन्दी र बर्षेनी आउने बाढी पहिरो लगायतका कारण सिभिल कार्यको ठेकेदारबाट निर्माण कार्य ढिलाई हुन गई अन्य लटहरुको निर्माण कार्यमा समेत असर पर्न गइरहेकोमा गतः वर्ष देखि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड - १९ ले आयोजना सम्पन्न हुने मिति फेरी धकेलिएको छ। आयोजनाको म्याद थप भएको कारण आयोजना सम्पन्न हुँदा केही लागत बढ्न जाने भएको छ। आयोजना निर्माण स्थल विकट स्थानमा रहेको र पहिरोको जोखिम अधिक रहेकोले समय समयमा निर्माण कार्यमा समेत असर परिरहेको ।

### ६. संस्थागत सुशासन

कम्पनी ऐन २०६३, आयकर ऐन २०५८, धितोपत्र ऐन २०६३ लगायतका कम्पनीलाई लागु हुने ऐन तथा नियमावलीहरुको पालना गरिएको छ । कम्पनीको संस्थागत सुशासनका निम्ति लेखा परिक्षण समिति, आयोजना कार्यान्वयन तथा अनुगमन समिति र पदपूर्ति समिति गठन गरि कार्यान्वयनमा ल्याइएको छ । कम्पनीको आर्थिक तथा प्रशासनीक कार्य लाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियामवली र कर्मचारी व्यवस्थापनका लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम विनियमहरु संचालक समितिबाट स्वीकृत गराई लागु गरिएको छ ।

### ७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।